मधेश प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# दलित विकास समितिको कार्यालय
जनकपुरधाम, नेपाल

प.सं: २०७८/०७९
च.नं::

मिति: २०७९।०१।२६

विषयः जानकारी सम्बन्धमा ।

यस कार्यालयबाट मिति २०७९/०१/१६ गतेको गोरखापत्रमा लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन गर्ने सम्बन्धी प्रस्ताव आह्वान गरिएकोमा प्रस्तावदाताहरुले विभिन्न विषयहरु सूचनामा उल्लेख नभएको भनी जानकारीको लागि अनुरोध गरेकोमा सोधनी भएका विषयहरु तपशिल अनुसार प्रष्ट पारिएको व्यहोरा अनुरोध छ ।

१. लोक सेवा आयोग तयारी कक्षाको लागि

- सहभागी दलित समुदायको हुनु पर्ने,
- कक्षा १२ वा सो सरह उत्तीर्ण भएको हुनु पर्ने,
- प्रत्येक कक्षामा २५ जना सहभागी हुनु पर्ने,
- सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाका सदरमुकामहरुमा १/१ वटा तयारी कक्षा सञ्चालन गर्नु पर्ने
- नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्र अनंकित प्रथम श्रेणी, नायव सुब्बा पदको संघीय लोक सेवा आयोगको पाठ्यक्रम बमोजिम तयारी कक्षा सञ्चालन गर्नु पर्ने,
- प्रति सेसन १ घण्टाको दरले प्रति दिन ३ सेसन कक्षा संचालन गर्नु पर्ने,
- कक्षा सञ्चालन ३० दिन गर्नु पर्ने,
- कक्षा संचालन सहभागी र सहजकर्ताको भौतिक उपस्थितिमा गर्नु पर्ने,
- सहजकर्तले सहभागीहरुलाई हैण्डसआउट उपलब्ध गराउनु पर्ने,
- छनौट भएको संस्थाले सहभागी छनौट गर्दा मापदण्ड बनाई पारदर्शी र निस्पक्ष तरिकाले गर्नु पर्ने,
- तयारी कक्षा सञ्चालन गर्ने स्थानको अवस्थिति, पूर्वाधारको अवस्था र अन्य सुविधा खुल्ने कागजातहरु वा प्रमाण पेश गर्नु पर्ने,
- साप्ताहिक रुपमा सहभागीहरुको क्षमता मापन परीक्षा ४ पटक सञ्चालन गर्नु पर्ने,
- तयारी कक्षा समाप्त भइसके पछि ७ दिन भित्र सक्कलै विल भर्पाराई पेश गर्नु पर्ने ।

२. शिक्षक सेवा आयोग तयारी कक्षाको लागि

- सहभागी दलित समुदायको हुनु पर्ने,
- कक्षा १२ वा सो सरह उत्तीर्ण भएको हुनु पर्ने,

मधेश प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# दलित विकास समितिको कार्यालय
जनकपुरधाम, नेपाल

प.सं: २०७८/०७९
च.नं::

- स्थायी अध्यापन अनुमति पत्र लिएको हुनु पर्ने,
- प्रत्येक कक्षामा २५ जना सहभागी हुनु पर्ने,
- सप्तरी, सिरहा, धनुषा र महोत्तरी जिल्लाका सदरमुकामहरुमा १/१ वटा तयारी कक्षा सञ्चालन गर्नु पर्ने,
- शिक्षक सेवा आयोगको प्राथमिक तहको पाठ्यक्रम बमोजिम तयारी कक्षा सञ्चालन गर्नु पर्ने,
- प्रति सेसन १ घण्टाको दरले प्रति दिन ३ सेसन कक्षा संचालन गर्नु पर्ने,
- कक्षा सञ्चालन ३० दिन गर्नु पर्ने,
- कक्षा संचालन सहभागी र सहजकर्ताको भौतिक उपस्थितिमा गर्नु पर्ने,
- सहजकर्ताले सहभागीहरुलाई हैण्डसआउट उपलब्ध गराउनु पर्ने,
- छनौट भएको संस्थाले सहभागी छनौट गर्दा मापदण्ड बनाई पारदर्शी र निस्पक्ष तरिकाले गर्नु पर्ने,
- तयारी कक्षा सञ्चालन गर्ने स्थानको अवस्थिति, पूर्वाधारको अवस्था र अन्य सुविधा खुल्ने कागजातहरु वा प्रमाण पेश गर्नु पर्ने,
- साप्ताहिक रुपमा सहभागीहरुको क्षमता मापन परीक्षा ४ पटक सञ्चालन गर्नु पर्ने,
- तयारी कक्षा समाप्त भइसके पछि ७ दिन भित्र सक्कलै विल भर्पाई पेश गर्नु पर्ने ।

२०७८/०९/२८
..............................
दिलिप कुमार ठाकुर
प्रशासकीय प्रमुख